"फिक्कल समृद्धिको मूल आधार: कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र रोजगार"

*Phone No.:- 9854045342*

# फिक्कल गाउँपालिका
**Phikkal Rural Municipality**
## गाउँ कार्यपालिकाको कार्यालय
**Office of Rural Municipal Executive**
खाङसाङ, सिन्धुली
Khangsang, Sindhuli

बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

**प.स. (Ref.No.) :-** २०८०/८१
**च.नं. (Dispatch No.) :-**

## आन्तरिक आय संकलन सम्वन्धी कार्यको प्रस्ताव माग आब्हानको सूचना ॥

दोस्रो पटक प्रकाशित मिति २०८०/०५/१३

फिक्कल गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालयले फिक्कल चुचुरोमा निर्माण सम्पन्न भ्यु टावर फिक्कल गाउँपालिकाको पर्यटकीय क्षेत्र भएकोले आ.ब.२०८०/०८१ को आन्तरिक आय संकलन कार्य गर्नु पर्ने भएकोले मान्यता प्राप्त निकायमा दर्ता भएको फर्म वा संस्थाले तोकिएको तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही **पुनः दोस्रो पटक यो सुचना प्रकाशित** भएको मितिले **७ (सात) दिन** भित्र प्रस्ताव पेश गर्नहुन सार्वजनिक सूचना आब्हान गरिन्छ ।

१. प्रस्तावकर्ताले प्रस्तावका साथ स्थायी लेखा नम्बरको प्रमाण पत्र,संस्था दर्ता प्रमाण पत्र, र आ.ब.२०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२. प्रस्तावकर्ताले प्रस्ताव पेश गर्दा आफ्नो संस्थाको नाम,संस्थाको अध्यक्षको नाम,ठेगाना र फोन नं. स्पष्ट लेखिएको हुनुपर्नेछ ।

३. प्रस्तावदाताले धरौटी वापतको धरौटी रकम **रु.१० हजार** गाउँपालिकाको प्राईम कर्मसियल बैक फिक्कल शाखा सिन्धुलीमा रहेको धरौटी **खाता नं. ०७८००२८८CA** मा जम्मा भएको सक्कलै भौचर हुनु पर्नेछ ।

४. अन्य थप जानकारीको लागि यस गाउँपालिकामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

५ फिक्कलडाडामा निर्माण सम्पन्न भ्युटावरको व्यवस्थापन तथा संरक्षण साथै टावरमा जडान गरिएको वाईनाकुलरको पूर्ण सुरक्षा सहित जिम्मेवारी लिने प्रतिवद्धता गरेको हुनु पर्ने छ ।

२०८०।५।१३
राजेन्द्र कार्की
प्रमुख प्रशासकीय अधिकृत

६. फिक्कलडाडामा निर्माण सम्पन्न भ्युटावरको वरीपरी जंगलक्षेत्र सार्वजनिक जग्गामा कुनै संरचना निर्माण गर्न र प्रयोग गर्न पाईने छैन ।

७. भ्यु टावर,वाईनाकुलर र जग्गा प्रयोग गर्दा वातावरण प्रदुषणलाई ध्यान दिदै त्यस स्थानमा उत्पन्न हुने फोहोरहरुको समेत पूर्ण व्यवस्थापन गर्नु पर्ने छ ।

८. भ्यु टावर प्रवेश शुल्क वढीमा देहायमा उल्लेखित वमोजिम लिनु पर्ने छ ।

(क) प्रवेश शुल्क **रु.२०।-**

९. वाईनाकुलर प्रयोग वापत वढीमा देहायमा उल्लेखित वमोजिम लिनु पर्ने छ ।

(क) जेष्ठ नागरिकहरुलाई (कार्ड भएमा) **रु.२५।-(प्रति क्वाईन)**

(ख) विद्यार्थीहरुलाई (कार्ड भएमा) **रु.२५।-(प्रति क्वाईन)**

(ग) अन्यहरुलाई **रु.५०।-(प्रति क्वाईन)**

सो शुल्कमा वाईनाकुलर प्रति व्यक्तिले ३ मिनेटमात्र प्रयोग गर्न पाउने छ ।

१०. भ्यु टावर र वाईनाकुलर प्रयोग वापत वार्षिक न्युनतम रु **४८०००।-(अठ्चालिस हजार)** कवोल गरेको हुनु पर्ने छ ।

११ न्युनतम कवोल अंक भन्दा माथी अधिकतम कवोल गर्ने प्रस्तावदाता संग सम्झौता गरिने छ ।

१२. सम्झौतामा तोकिएको रकमको ५० प्रतिशत रकम सम्झौता गर्दाका वखत र बाँकी रकम सम्झौता भएको ६ महिना भित्र भुक्तानी गरी सक्नु पर्ने छ ।

१३. भ्यु टावर,भ्यु टावर वरिपरीको जग्गा जंगल,जीव जन्तु जडिबुटी वस्पती लगायत भ्यु टावरमा जडान गरिएको वाइनाकुलर सहितको सुरक्षा,सम्पतीको संरक्षण स्वयम प्रस्तावकर्ताले गर्नु पर्ने छ ।

१४ भ्यु टावर र वरीपरीको जग्गामा खानेपानी,वत्ति जडान र सडक मर्मत लगायत अन्य व्यवस्थापकिय कार्यको जिम्मा फिक्कल गाउँपालिकाको हुने छ । तर आवश्यक मर्मत निर्माण गर्नुपरेमा अग्रीम जानकारी कार्यालयलाई हुनुपर्ने छ ।

राजेन्द्र कार्की
प्रमुख प्रशासकीय अधिकृत

Email :-phikkalruralmun@gmai.com *Website www.phikkalmun.gov.np*